# National News
# ALL INDIA RADIO GANGTOK

**BROADCAST: 19:25 hrs** **Date: 29.04.2025**

---

***प्रमुख समाचार-***

- ***प्रधानमन्त्री नरेन्द्र मोदीले पहलगाम आतंकी हमलाको मध्येनजर, रक्षा मन्त्री राजनाथ सिंह तथा राष्ट्रिय सुरक्षा सल्लाहकार अजीत डोमानसित नयाँ दिल्ली स्थित आफ्नो आवासमा बैठक गर्नभएकोछ।***
- ***भोली राष्ट्रसंधमा, आतंकी हमलाको मुद्दा गरिलो पाराले उठाउँदै भारत विरूद्ध आधारीत आरोप लगाएकोमा पाकिस्तानको निन्दा गरेकोछ।***
- ***प्रधानमन्त्री नरेन्द्र मोदीले एक्काइसौं सदीका आवश्यक्ताहरू पूरा गर्नका लागि सरकारले देशको शिक्षा व्यवस्थालाई आधुनिक बनाई रहेको भन्नुभएकोछ।***
- ***उत्तराखण्डमा चार धाम यात्रा, भोलि अक्षय तृतीयाका दिनबाट शुरू हुनेछ।***
- ***आई पि एल क्रिकेटमा नयाँ दिल्लीको अरूण जेट्ली स्टेडियममा, दिल्ली केपिटल्स को सामना कोलकाता नाइट राडर्स सित भई रहेकोछ।***

---

***चारधाम उत्तराखण्ड***

उत्तराखण्डमा चार धाम यात्रा भोलि अक्ष्य तृनीयाबार शुरूहुनेछ। यात्राको थालनी उत्तरकाशी जिल्लामा गंगोत्री र यमुनोत्री मंदिरहरूका कपाट खोलिनुका साथ हुनेछ। राष्ट्रप्रयाग जिल्लामा केदारनाथ मंदिरको कपाट दुई मई र चमोली जिल्लामा बद्रीनाछ धामको कपाट चार मईमा खोलिनेछ। आकाशवाणी यस चारधाम यात्राको उद्धाटनको प्रत्यक्ष प्रसारण गर्नेछ।

उत्तराखण्डको उत्तरकाशी जिल्लामा भोलि अक्षय तृतीयाको पावन अवसरमा गंगोत्री र यमुनोत्री धामका कपाट, श्रद्धालुहरूका लागि खोलिनेछन्। यसका साथै, 2025 को चारधाम यात्राको अधिकारिक रूपले शुभारम्भ हुनेछ।

---

***प्रधानमन्त्री- कैनेडा***

प्रधानमन्त्री नरेन्द्र मोदीले मार्क केर्नीलाई कैनेडाका प्रधानमन्त्री निर्वाचित भएकोमा, लिबरल पार्टीको जीतमा बधाई दिनुभएकोछ। सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभएकोछ, भारत र कैनेडा साझा लोकतांत्रिक मूल्यहरू, कानूनको शासन प्रति दृढ़ प्रतिवद्धता र जनता शाझा जीवन्त संबधहरूले बांधिएका छन्। उहाँले भन्नुभयो यो साझेदारीलाई दरिलो पार्न तथा भारत र कैनेडाको जनतालाई बढ़ि भन्दा बढ़ि अक्सर उपलब्ध गराउनका लागि श्री केर्नी सित मिलेर काम गर्न आफु उत्सुक हुनुहुन्छ।

---

***मेघालय- MOU AI***

भाषाई समावेशन तथा तकनीकि उन्नतिको दिशामा एक ऐतिहासिक पाईला चाल्दै मेघालय सरकारले भारत सरकारको इलेक्ट्रोनिक्स र सूचना प्रोद्यौगिकी मन्त्रालयको डिजिटल इंडिया भार्षिनी प्रभागका साथ एक समझौता ज्ञापनमा हस्ताक्षर गरेकोछ। यस ज्ञापन अंतर्गत गारो र खासी भाषाहरूलाई भाषिनी मंचमा शामेल गरिनेछ। यो एउटा पहल हो जसको उद्देश्य देशभरिमा भाषा संबधी बाधाहरूलाई पन्छाउन रहेकोछ।

राज्य कन्वेन्शन सेन्टरमा आयोजित हस्ताक्षर समारोहमा मुख्यमन्त्री कोनरेड के साङ्मे ले भर्चुअल रूपमा अनि कला एक्स संस्कृति मन्त्री पाँल लिगदोहले व्यक्तिगत रूपमा यसमा भाग लिनुभयो।

---

***आई पी एल क्रिकेट***

आई पी एल क्रिकेटमा नयाँ दिल्ली अरूण जेटली स्टेडियममा दिल्ली कैपीटल्स को सामना कोलकाता नाइट राईडर्स सित भई रहेकोछ।

---

***संशो प्रधानमन्त्री युग्म***

प्रधानमन्त्री नरेन्द्र मोदीले एक्काइसौं सदीका आवश्यकताहरू पूरा गर्नका लागि सरकारले देशको शिक्षा व्यवस्थालाई आधुनिक बनाई रहेको भन्नुभएकोछ। देशका प्रत्येक विद्यार्थीका लागि केन्द्रले विश्व स्तरीय ज्ञान सुगम बनाई रहेकोछ, उहाँले भन्नुभयो। श्री मोदीले आज नयाँ दिल्लीको भारत मण्डपममा सरकार, शिक्षा समुदाय, उद्योग र नवोनमेषक समुदायका नेताहरूको प्रथम रणनीतिक सम्मेलन युग्मलाई संबोधित गर्दै सो कुरा भन्नुभयो। उहांले, देशको भविष्य युवाहरू माथि निर्भर रहेको, भन्नुभयो। प्रतिभा, स्वभार र प्रोद्यौगिकीको त्रिमूर्तिले भारतको भविष्यलाई फेर्नेछ, उहांले भन्नुभयो। प्रधानमन्त्रीले भन्नुभयो, यस वर्षको बजटमा सरकारले भारतीय प्रोद्यौगिकी संस्थानहरू- आई आई टि को क्षमता तथा सीटहरूको संख्या बढ़ाउने निर्णय गरेकोछ।

उहाँले आई आई टि र एम्सको सहयोगले कैयन मिडिया टेक पाठ्यक्रमहरूको थालनी गरिएकोछ, भन्नुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीले भारतका लागि ए आई लाई उपयोगी बनाउनको उद्देश्यका साथ सरकारले मेक ए आई इन इन्डिया को दृष्टिकोणलाई लिएर काम गरि रहेकोछ, भन्नुभयो। भारत, विकास र सूचना प्रोद्यौगिकी अपनाउने अग्रणी देशहरूमा शामेल छ, भन्दै, यस विकासमा थप तीव्रता ल्याउनका लागि सरकारले इंडिया ए आई मिशनको शुभारम्भ गरेकोछ, उहाँले भन्नुभयो।

---

***प्रधानमन्त्री त्रिनिदाद टोबैगो***

प्रधानमन्त्री नरेन्द्र मोदीले त्रिनिदाय र टोबैगोको आम चुनावमा कमला प्रसाद बिसेसरको जीतमा उहाँलाई बधाई दिनु भएकोछ। सोशल मीडिया पोस्टमा प्रधानमन्त्रीले भारतले, त्रिनिदाद र टोपैगो का साथ आफ्नो ऐतिहासिक र यनिब्ब संवध राखेकोछ, भन्नुभयो। उहाँले भन्नुभयो, भारत तथा त्रिनिदाद र टोबैगोका जनताको साझा समृद्धि एक्स कल्याणका लागि दिपक्षीय संबधहरूलाई थप दरिलो पार्न उहाँ, कमला प्रसाद बिसेसरका साथ मिलेर काम गर्न उत्सुक हुनुहुन्छ।

---

***रिजिजू- हज***

अल्पसंख्यक मामिलाहरूका केंद्रिय मन्त्री, किरेन रिजिजूले पवित्र हज यात्रामा जाने सबै एक लाख, 22 हजार 518 श्रद्धालुहरूलाई शुभकामना दिनु हुँदै उनीहरूको सुरक्षित, समृद्ध र सुरवद यात्राका लागि प्रार्थना गर्नुभएकोछ। पहिलो उड़ान लखनऊबाट दुई सय अठासी र हैदरावादबाट 262 श्रद्धालुहरूका साथ उड़ेकोछ। सोशल मीडिया पोस्टमा श्री निजिजूले सरकार सुचाइ तथा निर्बध हज यात्रा सुनिश्चित गर्नका लागि प्रतिवद्ध रहेको भन्नुभएकोछ।

---

***भारत संयुक्त राष्ट्र***

भारतले राष्ट्र संधमा पहलगाम आतंकी हमलाको मुद्दा जोरदार ढंगले उठाएकोछ र आतंककारीहरूलाई प्रशिक्षण दिने र उनीहरूला धन उपलब्ध गराउने संबधी पाकिस्तानी मंत्रीको स्वीकारोक्ती बारे पनि भनेकोछ। पाकिस्तानका रक्षा मन्त्री खवाजा आसिफको हालै भएको एउटा टेलीभिजन साक्षात्कारको राष्ट्र संधमा भारतकी उप स्थायी प्रतिनिधि योदना पटेलले उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, त्यो साक्षात्कारमा, आतंकी गुरहरूलाई समर्धन प्रशिक्षण र धन उपलब्ध गराउने संबधी पारिस्तानको इतिहासबारे त्यहाँका रक्षा मन्त्रीको स्वीकारोकितलाई संपूर्ण विश्वले

सुनेकोछ। राजदीत पटेलले भारत विरूद्ध आधारहीन आरोप लगाने र प्रचार गर्नमा वैश्विक मंचको दुरूपयोग गर्नका लगि पारिस्तानको निन्दा पनि गर्नुभयो।

---

*<u>जयशंकर- ग्रीस</u>*

परराष्ट्र मन्त्री डां एस जयशंकरले आज ग्रीसका विदेश मंत्री जर्ज जेरपट्राइटीस का साथ कुराकानी गर्नुभयो। दुवै नेताहरूले पहलगाम आतंकी हमलाबारे चर्चा गर्नुभयो। डाँक्टर जयशंकरले सीमाना पारी आतंकवाद विरूद्ध ग्रीसको कढ़ा अड़ान प्रशन्सनीय छ भन्नुभयो। उहाँले भन्नुभयो दुवै देशको रणनीतिक साझेदारीले हाम्रा संबधहरूको गहराईलाई दर्शाउन्छ।

---

*<u>महाराष्ट्र- कैबिनेट</u>*

महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडनवीसले पहलगाम आतंकी हमलामा राज्यका पीड़ित परिवारहरूका लागि 50 लाख रूपियाँको वित्तीय सहायता दिने घोषणा गर्नुभएकोछ।

मुंबईमा, मंत्रीमंडलको बैठकमा सरकारले पीड़ीत परिवारहरूलाई शैक्षिक सहायता र नौकरी दिने आश्वासन पनि दिएकोछ। यसै अन्तर्गत हमलामा मारिएका सन्तोष जगदाले की छोरी असावरी जगदालेलाई सरकारी नौकरी दिइनेछ।

---

*<u>प्रधानमनत्री बैठक</u>*

प्रधानमनत्री नरेन्द्र मोदीले रक्षा मन्त्री राजनाथ सिंह तथा राष्ट्रीय सुरक्षा सल्लाहकार अजीत डोभालसित नयाँ दिल्ली स्थित आफ्नो आवासमा भएको एउटा बैठकको अध्यक्षता गर्नुभएकोछ। सि डि एस अनिल चौहान र तीनैवटा सेना प्रमुखहरू बैठकमा उपस्थित हुनुहुन्थ्यो। पहरगाम आतंकी हमलाको परिदृष्यमा सो बैठक बसेको थियो।

---

***प्रमुख समाचार फेरि एकपल्ट***

- ***प्रधानमन्त्री नरेन्द्र मोदीले पहलगाम आतंकी हमलाको मध्येनजर, रक्षा मन्त्री राजनाथ सिंह तथा राष्ट्रिय सुरक्षा सल्लाहकार अजीत डोमानसित नयाँ दिल्ली स्थित आफ्नो आवासमा बैठक गर्नभएकोछ।***
- ***भोली राष्ट्रसंधमा, आतंकी हमलाको मुद्दा गरिलो पाराले उठाउँदै भारत विरूद्ध आधारीत आरोप लगाएकोमा पाकिस्तानको निन्दा गरेकोछ।***
- ***प्रधानमन्त्री नरेन्द्र मोदीले एक्काइसौं सदीका आवश्यक्ताहरू पूरा गर्नका लागि सरकारले देशको शिक्षा व्यवस्थालाई आधुनिक बनाई रहेको भन्नुभएकोछ।***
- ***उत्तराखण्डमा चार धाम यात्रा, भोलि अक्ष्य तृतीयाका दिनबाट शुरू हुनेछ।***
- ***आई पि एल क्रिकेटमा नयाँ दिल्लीको अरूण जेट्ली स्टेडियममा, दिल्ली केपिटल्स को सामना कोलकाता नाइट राडर्स सित भई रहेकोछ।***